"हामी सबैको एउटै चाहना, विकसित शम्भुनाथ नगरपालिकाको कामना"
# शम्भुनाथ नगरपालिका
# SHAMBHUNATH MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

कठौना, सप्तरी
KATHAUNA, SAPTARI
प्रदेश नं. २, नेपाल
PROVINCE NO. 2, NEPAL

पत्र संख्याः ०७७/०७८

चलानी नं.: ८२२

मितिः२०७७/०८/२८

विषयः सूचना प्रवाह गरिदिनु हुन।

श्री वडा समितिको कार्यालय सबै
शम्भुनाथ, सप्तरी

प्रस्तुत विषयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको प.सं. २०७७/०७८ च.नं. १०३ मिति २०७७/०८/२५ गतेको प्राप्त पत्र यसै साथ संलग्न राखी पठाईएको हुँदा ताहा वडा अधन्तर्गगत दर्ता रहेका सक्रिय सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन हुने भएको हुँदा उक्त सूचना ताहा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाईदिनु हुन अनुरोध छ ।

............................
बिष्णु प्रसाद गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: cctcktm@gmail.com

प.सं.: ०७७/७८
च.नं.: १०२

मिति:- २०७७।०८।२५

दर्ता नं. ६६२
मिति: ०७७।८।२

विषय: तालिममा सहभागी गराइदिने सम्बन्धमा ।

श्री.......शम्भुनाथ नगर.......कार्यपालिकाको कार्यालय,
सप्तरी............।

उपरोक्त सम्बन्धमा यस केन्द्रले भर्चुअल (ZOOM) माध्यमबाट *सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई* प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्न लागेको हुँदा त्यस पालिका अन्तर्गत रहेका सहकारी संस्थाबाट यस भन्दा अगाडि सहकारी सम्बन्धी अन्य तालिम लिइसकेका तर प्रशिक्षक प्रशिक्षण तालिम नलिएका सहकारी संस्थाका संचालक, व्यवस्थापक, संचालक समितिका सदस्य, लेखा सुपरीवेक्षण समितिका सदस्य, विभिन्न उपसमितिका सदस्य हरुमध्ये ३ जनादेखि ५ जनासम्म सहभागी गराई दिनुहुन आदेशानुसार अनुरोध छ ।

तालिम हुने मिति:- २०७७।०९।५ देखि २०७७।०९।२१ सम्म
तालिम अवधि: १५ कार्य दिन
तालिमको समय: विहान १० वजेदेखि बेलुका ५ वजेसम्म

(क) सहभागीको सुविधा सम्बन्धी व्यवस्था:

(१) सहभागीहरुलाई तालिम अवधिको रु. ४००।- ( चार सय मात्र) का दरले दैनिक भत्ता, खाजा खर्च दैनिक रु. २००।- (दुइ सय मात्र) का दरले र स्टेशनरी खर्च १५ दिनको रु. १००।- (रु सय मात्र) गरी एकमुष्ठ रुपमा नियमानुसार करकट्टी गरी सहभागीको बैंक खाता मार्फत् उपलब्ध गराइनेछ । तर पाँच भन्दा बढी सत्रमा अनुपस्थित हुने सहभागीलाई यो सुविधा उपलब्ध नगराइनुका साथै प्रमाण पत्र समेत प्रदान गरिनेछैन ।

(२) सहभागी प्रमाणपत्र र तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेल मार्फत उपलब्ध गराइनेछ ।

(ग) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात:- तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ । यसका लागि ctrc.gov.np मा गई online training मा click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ ।

(१) सहभागीको १ प्रति पासपोर्ट साइजको फोटो र ना.प्र.प. प्रतिलिपि।
(२) नियामक निकाय वा जिल्ला सहकारी संघ र संस्थाको मनोनयनपत्र ।
(३) सहभागीको मोबाइल नं., gmail ठेगाना लगायत रजिष्ट्रेशन फाराममा माग भएका अन्य विवरण ।
(४) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना मनोनयनपत्रमा समेत उल्लेख गरी पठाउनुपर्नेछ ।

(ग) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: cctcktm@gmail.com

प.सं.: ०७७/७८
च.नं.: १०३

(१) तालिम कार्यक्रममा होहल्ला रहित शान्त वातावरणमा सहभागी हुनुपर्नेछ ।

(२) तालिमको समयमा सहभागी रहेको कोठामा अन्य व्यक्ति प्रवेश गर्न पाइनेछैन ।

(३) कक्षा सत्र सुरु हुनुभन्दा १० मिनेट अगावै लग इन गरी सम्पूर्ण कक्षा सत्र पूरा नभएसम्म शिष्ट र मर्यादित रुपम रहनु पर्नेछ ।

(४) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नु पर्नेछ ।

(५) तालिम कार्यक्रमको प्रयोगकर्ता नाम (यूजर नेम) र पासवर्ड अनाधिकृत रुपमा प्रयोग तथा वितरण गर्न पाइनेछैन ।

(६) तालिमको समयमा आफ्नो भिडियो बन्द गर्नु हुँदैन । अडियोको प्रयोग प्रश्न राख्न वा अन्तरक्रियामा प्रशिक्षकको अनुमति लिई गर्नुपर्नेछ ।

(७) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ ।

(८) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन ।

(९) प्रचलित विद्युतीय कानुनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(१०) सहभागीहरुले तालिम अवधिभर ल्यापटप तथा वेब क्यामेरा भएको डेस्कटप कम्प्युटरको प्रयोग गर्नपर्नेछ, मोबाइल फोनबाट जोडिन पाइनेछैन।

(११) आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ ।

<u>सम्पर्क व्यक्ति:</u>
सहकारी प्रशिक्षक: सुभाकर पौडेल (९८५११४५६७२)
सहकारी प्रशिक्षक: पवित्रा ढकाल (९८४६११३९८१)
सहकारी प्रशिक्षक: लिला देवी अर्याल (९८४५८१८१६२)

पवित्रा ढकाल
सहकारी प्रशिक्षक